iPPAN
नेपालको समृद्धिका लागि ऊर्जा

Regd No: 77/1263/057/058 PAN No: 302275560

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल
Independent Power Producers' Association, Nepal

*President*
Ganesh Karki

*Senior Vice President*
Mohan K. Dangi

*Vice President*
Ananda Chaudhary
Ashish Garg
Bharat B. Khatri
Ram P. Acharya
Uttam Bhlon Lama

*General Secretary*
Balaram Khatiwada

*Deputy General Secretary*
Prakash Chandra Dulal

*Secretary*
Bharat Kumar Khadka
Bharat Nepal
Bikram Bista
Him P. Pathak
Kabita Pokhrel

*Treasurer*
Narendra Ballav Panth

*Member*
Bharat P. Parajuli
Bijay Mohan Bhattarai
Isha Shrestha
Kuber Mani Nepal
Mithun C. P. Paudel
Shankar Bashyal
Suman Joshi
Susan Karmacharya
T N Acharya
Uttar K. Shrestha

*Associate Member*
Shailendra Guragain

*IPP & Chief Advisor*
Krishna P. Acharya

च नं ३२ (०८२।८३) मिति : २०८२/०६/१२

मानननीय कुलमान घिसिङज्यू
मन्त्री, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
सिंहदरबार, काठमाण्डौं ।

**विषय : शान्ति सुरक्षासहित आयोजनालाई सुचारु हुने वातावरण निर्माण गरि दिनुहुन ।**

**माननीय ऊर्जा मन्त्रीज्यू,**

स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान) ऊर्जा उत्पादनमा सकिय उद्यमी व्यवसायीहरुको छाता संगठन हो । ऊर्जा उद्यमीका समस्याको पहिचान गर्ने र त्यसको समाधानका लागि नीति निर्माता, प्रशासक एवं नियामक निकायसँग पहल गर्ने इप्पानको मुख्य उद्देश्य हो । आजभन्दा २६ वर्ष अघि स्थापना भएको इप्पानमा ५७० भन्दा धेरै ऊर्जा उत्पादक कम्पनीहरु सदस्य रहेका छन् । देशको विद्युत उत्पादन क्षमता करिब ३७०६ मेगावाटा पुग्दा निजी क्षेत्रको सहभागितामा निर्माण भएका आयोजनाको क्षमता मात्रै करिब ३०५० मेगावाट पुगेको छ । यसैगरी निजी क्षेत्रको नेतृत्वमा ५४१६ मेगावाट क्षमताका आयोजनाहरु निर्माणाधीन अवस्थामा छन् भने २० हजार मेगावाट क्षमताका आयोजनाहरु निर्माणका विभिन्न चरणमा छन् । ऊर्जा क्षेत्रलाई यो अवस्थामा ल्याइपुऱ्याउन यस क्षेत्रमा १५ खर्ब रुपैयाँभन्दा बढी लगानी गरिसकेको निजी क्षेत्रले सरकारले लिएका २८ हजार ५०० मेगावाट विद्युत उत्पादनको मार्गचित्रसहितका लक्ष्यहरु पुरा गर्न अझैं ठूलो लगानी गर्ने लक्ष्यसहित अघि बढिरहेको छ । तर पछिल्लो समयमा निर्माण सम्पन्न, निर्माणाधीन र निर्माणमा जान लागेका आयोजनाहरुमा सरकारको नीति र कानून विपरित १० प्रतिशत निःशुल्क सेयर माग्ने तथा ती आयोजनाहरुमा अवरोध गर्ने कार्यहरु हुन थालेका छन् ।

विशेष गरी सिन्धुपाल्चोकमा निर्माण सम्पन्न ४५ मेगावाटको भोटेकोशी जलविद्युत आयोजनामा भोटेकोशी गाउँपालिका जेन्जी ग्रुपको नाममा १० प्रतिशत निःशुल्क सेयर लगायतका माग राखेर विगत १७ दिनदेखि विद्युत गृह बन्द छ भने यही कारण दैनिक करिब ९८ लाख गुमाउनु परिरहेको छ । विद्युत गृह बन्द गरेपछि पनि दैनिक रुपमा गर्नुपर्ने मर्मत सम्भार र अनुगमनको लागि समेत जान नदिएको घटनाप्रति इप्पानको गम्भीर ध्यानाकर्षण भएको छ । यसैगरी सिन्धुपाल्चोककै जुगल गाउँपालिकाका स्थानीयबासीको नाममा १० जलविद्युत आयोजनासँग निःशुल्क सेयर मागेर सम्बन्धित आयोजनाहरुमा पत्र पठाईएको अवस्था छ । यी मात्र होइन, देशका अन्य क्षेत्रहरुमा समेत विभिन्न माग राखेर आयोजनाहरुमा अवरुद्ध गर्ने क्रम बढेको छ । यसकारण ऊर्जा आयोजनाहरुलाई तत्कालीन र दीर्घकालीन रुपमा गर्नुपर्ने शान्ति सुरक्षा कायम आयोजना सुचारु रुपमा अघि बढाउनका लागि निम्न मागहरु तत्काल सम्बोधन गरिदिनुहुन माननीय मन्त्रीज्यूलाई हार्दिक अनुरोध गर्दछौ ।

*President*
Ganesh Karki
*Senior Vice President*
Mohan K. Dangi
*Vice President*
Ananda Chaudhary
Ashish Garg
Bharat B. Khatri
Ram P. Acharya
Uttam Bhlon Lama
*General Secretary*
Balaram Khatiwada
*Deputy General Secretary*
Prakash Chandra Dulal
*Secretary*
Bharat Kumar Khadka
Bharat Nepal
Bikram Bista
Him P. Pathak
Kabita Pokhrel
*Treasurer*
Narendra Ballav Panth
*Member*
Bharat P. Parajuli
Bijay Mohan Bhattarai
Isha Shrestha
Kuber Mani Nepal
Mithun C. P. Paudel
Shankar Bashyal
Suman Joshi
Susan Karmacharya
T N Acharya
Uttar K. Shrestha
*Associate Member*
Shailendra Guragain
*IPP & Chief Advisor*
Krishna P. Acharya

**१. भोटेकोशी विद्युत गृह तत्काल सञ्चालनको व्यवस्था सम्बन्धमा**

निर्माण सम्पन्न ४५ मेगावाटको भोटेकोशी जलविद्युत आयोजनामा भोटेकोशी गाउँपालिका जेन्जी ग्रुपको नाममा १० प्रतिशत निःशुल्क सेयर लगायतका माग राखेर विद्युत उत्पादननै बन्द गरिएको तथा दैनिक रुपमा गर्नुपर्ने मर्मत सम्भार र अनुगमनको लागि समेत जान नदिएको कारण आयोजनाले झण्डै साढे १६ करोड आम्दानी गुमीसकेको छ भने अझै ठूलो घाटा बेहोर्नुपर्ने अवस्था छ। सबैभन्दा धेरै आम्दानी गर्ने बर्षाको समयमा निर्माण सम्पन्न विद्युत गृह १७ दिनदेखि अवरुद्ध हुनु ऊर्जा आयोजनाको लागि गम्भीर सुरक्षा समस्याको संकेत हो। निःशुल्क सेयर दिने मुद्दा सरकारको नीति र कानून विपरित छ भने निजी क्षेत्रले निःशुल्क दिन पनि सक्दैन र मिल्दैन पनि। यसकारण भोटेकोशी विद्युत गृहका लागि तत्काल उचित सुरक्षाको प्रबन्ध गरी बन्द विद्युत गृह सञ्चालन गरिदिनु तथा आयोजनाको थप क्षति बेहोर्ने अवस्थाको अन्त्य गरिदिनुहुन अनुरोध गर्दछौं।

**२. आयोजना निर्माणलाई सुचारु गर्ने वातावरण निर्माण सम्बन्धमा**

सिन्धुपाल्चोकको जुगल गाउँपालिकामा निर्माणाधीन र निर्माणमा जान लागेका १० आयोजना तथा देशका अन्य आयोजनाहरुमा १० प्रतिशत निःशुल्क सेयर लगायतका माग राखेर स्थानीयबासीले आयोजनाको निर्माण कार्यमा अवरोध गर्न थालेका छन्। यसले आयोजनाको लागत र समय मात्र बढाउँदैन, निजी क्षेत्रको लगानीलाई पूर्ण रुपमा निरुत्साहित पनि बनाउने निश्चित छ। यसकारण यी जलविद्युत आयोनजाहरुलाई विना रोकतोक र अवरोध पूर्ण रुपमा निर्माण गर्ने गरी शान्ति सुरक्षाको व्यवस्था मिलाईदिनुहुन अनुरोध गर्दछौं।

**३. ऊर्जा सुरक्षा नीति निर्माण सम्बन्धमा**

पछिल्लो बर्षहरुमा ऊर्जा आयोजनाहरुमाथि विभिन्न समूहबाट आक्रमण, तोडफोड, आगजानी लगायत कार्य बढ्दै गएको छ। यसको कारणले निजी क्षेत्रको लगानी असुरक्षित मात्र बनेको छैन, भविष्यमा नेपालको ऊर्जा सुरक्षा पनि खतरामा पर्ने निश्चित छ। यसकारण सरकारले प्रमुख प्राथमिकतामा राखेर दीर्घकालीन रुपमा स्वदेशी र विदेशी लगानीकर्ताहरुलाई ऊर्जामा गरेको लगानी सुरक्षित हुन्छ भन्ने अवस्थाको ग्यारेण्टी दिनका लागि छुट्टै रुपमा ऊर्जा सुरक्षा नीति निर्माण गरिदिनुहुन अनुरोध गर्दछौं।

नेपालको आर्थिक समृद्धिका लागि प्रमुख र महत्वपूर्ण क्षेत्रको रुपमा रहेको ऊर्जा क्षेत्रको आवश्यकता र महत्वलाई हृदयगम गरी लगानीकर्ताहरुलाई ढुक्क भई लगानीको वातावरण निर्माणका लागि ऊर्जा क्षेत्रमा विशेष सुरक्षाको प्रबन्ध गरिदिनका लागि माननीय मन्त्रीज्यू समक्ष हार्दिक अनुरोध गर्दछौ।

धन्यवाद

भवदीय

गणेश कार्की
अध्यक्ष